दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २३७ | बुटवल | २०८३ भदौ २४ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday September 09, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

### जेनजी आन्दोलनको एक वर्ष :

# छानबिन प्रतिवेदनहरू तत्काल सार्वजनिक गर्न माग



**लुम्बिनी संवाददाता**
*बुटवल*

गत वर्ष भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनको एक वर्ष पूरा भएको सन्दर्भमा नागरिक अगुवा तथा अधिकारकर्मीहरूले घटनासम्बन्धी छानबिन प्रतिवेदनहरू तत्काल सार्वजनिक गर्न सरकारसँग माग गरेका छन् । २४ जना नागरिक अगुवाहरूले मंगलबार संयुक्त विज्ञप्ति जारी गर्दै गत वर्षको भदौ २३ र २४ को घटनाका दोषीमाथि कारबाही, प्रतिवेदन सार्वजनिक र १० बुँदे सम्झौता कार्यान्वयनको माग गरेका हुन् ।

सुशासनको स्थापना, भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धको विरोधमा जेनजी पुस्ताले आन्दोलन गरेको थियो । राज्यको दमनका कारण भाद्र २३ गते १९ जना र दुई दिनको घटनामा कुल ७६ जना नेपाली नागरिकको ज्यान गएको विज्ञप्तिमा उल्लेख छ ।

आन्दोलनका क्रममा ८५ अर्ब रुपैयाँ बराबरको भौतिक क्षति भएको र पुनर्निर्माणका लागि ३६ अर्ब लाग्ने सरकारी अनुमान रहेको कुरा विज्ञप्तिमा जनाइएको छ । विज्ञप्तिमा जेनजी आन्दोलनका घाइतेहरूको उचित उपचारको व्यवस्था मिलाउनुपर्ने, आन्दोलन दबाउन संलग्न तत्कालीन सरकार र सुरक्षा निकायका अधिकारीहरूमाथि कानुन बमोजिम कारबाही गर्नुपर्ने, भाद्र २४ गते सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन लगायतका संरचनामा भएको लुटपाट र आगजनीमा संलग्नलाई कानुनको दायरामा ल्याउनुपर्ने मागहरू उल्लेख गरिएको छ ।

त्यस्तै, तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको चुनावी सरकार र जेनजी समूहबिच २०८२ मंसिर २४ गते भएको १० बुँदे सम्झौता हालको राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारले तत्काल कार्यान्वयन गर्नुपर्ने र पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा गठित आयोगले बुझाएको ९०० पृष्ठको छानबिन प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्ने लगायतका माग विज्ञप्तिमा समेटिएका छन् ।

अगुवाहरूले सुरक्षाकर्मी तथा कर्मचारीको कारबाही सिफारिसका लागि पूर्वन्यायाधीश प्रेमराज कार्कीको अध्यक्षतामा गठित कार्यदलको प्रतिवेदन सरकारले तत्काल बुझ्नुपर्ने र राष्ट्रिय मानवअधिकार आयोगले तयार पारेको करिब एक हजार पृष्ठको पूर्ण प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग गरेका छन् । उनीहरूले विगतमा गठित मल्लिक आयोग, रायमाझी आयोग र लाल आयोगका प्रतिवेदनहरू सार्वजनिक गरी दण्डहीनताको अन्त्य गर्नुपर्ने माग पनि गरेका छन् ।

गौरीबहादुर कार्की आयोगको प्रतिवेदनलाई आधार बनाएर पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिए पनि सर्वोच्च अदालतको आदेशबाट उनीहरू रिहा भइसकेको उल्लेख गर्दै अगुवाहरूले यस्तो चयनात्मक विधि कानुनबमोजिम नभएको निष्कर्ष निकालेका छन् । विज्ञप्ति जारी गर्नेहरूमा आयुष बस्याल, कनकमणि दीक्षित, डा. गोपालकृष्ण सिवाकोटी, सुबोध प्याकुरेल, सुशील प्याकुरेल, शोभाकर बुढाथोकी, त्रिलोत्तम पौडेल लगायत २४ जना रहेका छन् । दण्डहीनताको संस्कृतिको अन्त्य गर्दै विधिको शासन स्थापना र सुरक्षा क्षेत्रको सुधारमा अविलम्ब लाग्न उनीहरूले सरकारसँग अनुरोध गरेका छन् ।

जेन-जी आन्दोलनमा नेपालको इतिहासमा नै सबैभन्दा व्यापक विध्वंस भएको थियो ।

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा, भ्रष्टाचारको अन्त्य र सुशासन आन्दोलनको प्रमुख माग थियो । खड्गप्रसाद शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि नेपाली समाजमा लामो समयदेखि देखिएको असन्तुष्टि र निराशा आन्दोलनमार्फत् विस्फोट भएको थियो । पुराना राजनीतिक दलहरुप्रतिको वितृष्णा, भ्रष्टाचार, अनियमितताविरुद्धको आक्रोश युवामा देखिएको थियो । असन्तुष्टि र निराशामा रहेका नेपाली युवाले सामाजिक सञ्जालमाथिको प्रतिबन्धलाई सहन सकेनन् र त्यसका विरुद्धमा सडकमा उत्रिए ।

» बाँकी ३ पेजमा

## सरकारले प्रतिवेदन गायब पाऱ्यो : प्रचण्ड

बुटवल । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले ठूलो षड्यन्त्र गरेर गत भदौ २३ गतेको जेनजी आन्दोलन हाइज्याक गरिएको दाबी गरेका छन् ।

सिन्धुपाल्चोकमा एक कार्यक्रममा बोल्दै प्रचण्डले जेनजी आन्दोलनको अपहरणकारी को थिए ? भन्दै प्रश्न गरे । उनले भने- 'त्यो घुसपैठ गर्ने को थिए ? र तिनले अहिले देशलाई कहाँ पुऱ्याए ? भन्ने कुरा त्यो विन्दुबाट गहिरो अध्ययन गर्नुपर्ने आवश्यकता छ । मलाई विश्वास छ समयको साथमा सत्यहरू उद्घाटित हुँदै जानेछन् ।'

मानवअधिकार आयोग र सुरक्षा निकायहरूले तयार पारेका प्रतिवेदन अहिले सरकारमा हुनेहरूले गायब पारिएको प्रचण्डले आरोप लगाए ।

उनले भने-'म सुन्दै छु, आज मेरो कसैप्रति आरोप लगाउन अहिले चाहेको छैन । तर म यो फेरि भन्न आवश्यक ठानेको छु कि ती प्रतिवेदनहरू गायब पारिएका छन् । अहिले सरकारको जिम्मेवारीमा हुनेहरूले गायब पारेका छन् भन्ने आरोप लाग्ने गरेको छ । सत्य तथ्य के हो ?' उनले भदौ २४ गते विध्वंस कसले गऱ्यो ? भन्दै प्रश्न गरे ।

उनले थपे-'२३ गते नै घर फर्किनू, घुसपैठ भयो, अपहरण भयो हाम्रो आन्दोलन भन्नेहरूले त पक्कै चलाएको होइन । यी कुराहरू पनि आज २३ गतेको दिन हामी सबैले चिन्तन गर्नुपर्ने र सत्य तथ्य बाहिर ल्याउनको लागि आआफ्नो ठाउँबाट प्रयास गर्नुपर्ने आवश्यकता छ ।'

## सबै घटनाको निष्पक्ष अनुसन्धान होस् : कांग्रेस

बुटवल । नेपाली कांग्रेसले जेनजी शहीदहरूको सपना कुनै दल वा व्यक्तिको निजी राजनीतिक सम्पत्ति नभएको बताएको छ । जेनजी विद्रोहको एक वर्ष पूरा भएको अवसरमा मंगलबार विज्ञप्ति जारी गर्दै कांग्रेस नेता भीष्मराज आङ्देम्बेले यस्तो बताएका हुन् ।

उनले भनेका छन्-'जेनजी शहीदहरूको सपना कुनै दल वा व्यक्तिको निजी राजनीतिक सम्पत्ति होइन । त्यो नेपाली समाजको परिवर्तनको साझा आकांक्षा हो । त्यसैले यसलाई सत्ता प्राप्तिको राजनीतिक उपलब्धिमा सीमित नगरी राज्यको नीति, शासन र व्यवहारमै रूपान्तरण गर्नुपर्छ ।'

जेनजीको बलिदानलाई सत्तामा पुग्ने भऱ्याङका रूपमा प्रयोग गरेर उनीहरूले उठाएका मूल प्रश्नलाई बेवास्ता गर्ने अधिकार वर्तमान सरकारलाई नभएको उनले बताए । उनले भनेका छन्-'सरकारले आफूलाई जेनजी आन्दोलनको राजनीतिक उपलब्धिको प्रतिनिधि ठान्छ भने उसले सबैभन्दा पहिले आफ्नै शासनशैली जेनजीको मूल्य, मान्यता र अपेक्षासँग मेल खाने प्रमाणित गर्नुपर्छ । अरू दललाई गाली गर्नु सजिलो थियो । अब आफ्नै सरकारको कामको हिसाब जनतालाई दिनुपर्छ ।'

जेनजीले व्यक्ति परिवर्तनभन्दा व्यवस्था सञ्चालनको संस्कार परिवर्तन खोजेको उल्लेख गर्दै आङ्देम्बेले आलोचनालाई शत्रुको बोली नठान्न, प्रश्न गर्ने नागरिकलाई दण्डित गर्ने प्रवृत्ति त्याग्न र राज्यलाई पारदर्शी, जवाफदेही तथा जनउत्तरदायी बनाउन सरकारसँग आग्रह गरेका छन् । उनले आन्दोलनका घाइतेहरूको दीर्घकालीन उपचार, पुनर्स्थापना र आवश्यक सहयोग सुनिश्चित गर्न पनि सरकारसँग माग गरेका छन् । नेता आङ्देम्बेले जेनजी आन्दोलनका क्रममा भएका घटनाबारे राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिस तत्काल कार्यान्वयन गर्न माग गरे । आङ्देम्बेले २३ भदौको प्रदर्शनलाई घुसपैठ गरी हिंसात्मक बनाउन उक्साइएको, तत्कालीन सरकारले अत्यधिक बल प्रयोग गरेको तथा त्यसको भोलिपल्ट आगजनी, तोडफोड र विध्वंसका घटना भएको बताएका छन् । उनले यी सबै घटनाको निष्पक्ष अनुसन्धान र दोषीमाथि कानुनी कारबाही हुनुपर्नेमा जोड दिए ।

आयोगले शान्तिपूर्ण प्रदर्शनलाई हिंसात्मक बनाउन उक्साउने, घुसपैठ गर्ने, अत्यधिक बल प्रयोग गर्ने तथा २४ भदौमा विध्वंस मच्चाउने पक्षमाथि कारबाही गर्न सिफारिस गरिसकेको उल्लेख गर्दै उनले आयोगको प्रतिवेदन सरकारले तत्काल सार्वजनिक गर्नुपर्ने बताए ।

» बाँकी ३ पेजमा

## आयोगको प्रतिवेदनले डामेको थियो रवि र सुदनलाई

बुटवल । राष्ट्रिय मानवअधिकार आयोगले भदौ २३ को आन्दोलनलाई दुई भागमा राखेर विश्लेषण गरेको छ । पहिलो शान्तिपूर्ण प्रदर्शन गर्न खोज्ने जेनजी अभियन्ता र अर्को यसलाई हाइज्याक गरेर हिंसात्मक बनाउन खोज्ने विध्वंशकारीहरु । ती ती विध्वंशकारीहरु को थिए जसले संसद भवन, सिंहदरबार र अदालतसमेत जलाए ? आयोगको शंकाको सुई गृहमन्त्री सुधन गुरुङतिर सोझिएको छ ।

आयोगको प्रतिवेदनले जेनजी आन्दोलनलाई दुई कित्तामा वर्गीकरण गर्दै भनेको छ-'२०८२ भाद्र २३ गतेको विरोध प्रदर्शनलाई शान्तिपूर्ण रुपमा गर्ने भनी एउटा समूह र विध्वंशात्मक बनाउने भन्ने अर्को समूह गरी दुईवटा समूहले तयारी गरिरहेको भन्ने सञ्चारमाध्यम र छलफल वयानका क्रममा खुल्न र पुष्टि हुन आएको देखिन्छ । जसबाट उक्त प्रदर्शनलाई विध्वंशात्मक बनाउने योजनामा अर्को समूह पनि रहेको देखियो ।' मानवअधिकार आयोगले भनेको छ-'नेपाल प्रहरीको फेक आइडी बनाई विद्यालयको पोशाकमा आन्दोलनमा आउन आह्वान गरियो । योजनाबद्ध रुपमा विद्यार्थीलाई ढाल बनाउन खोजेको देखियो । घटनापञ्चात ती फेसबुक खाताहरु निश्क्रिय बनाएको पाइयो । उता, सुरक्षा निकायको पूर्वतयारी भने कमजोर देखियो ।'

प्रदर्शनलाई केही व्यक्तिले विद्यालयका डिजिटल बोर्ड, स्कुलका वेबसाइट ह्याक गरी नाराहरु स्क्रिनिङ गरेर प्रदर्शनलाई परिणाममुखी बनाउने तयारी गरेको बताउँदै आयोगले प्रतिवेदनमा भनेको छ- 'वाक अप नेपाल टिकटक अकाउन्टबाट मोलोटम ककटेल (पेट्रोल बम) बनाएर आउनका लागि २३ गते अघि नै आह्वान गरेको पाइयो ।'

यस्तो हिंसात्मक तयारी कसले गरेको थियो भन्ने प्रश्नमा आयोगको आशंका गृहमन्त्री सुधन गुरुङतिरै छ । जिल्ला प्रशासन कार्यालयको छलफलमा ५/७ सय भेला हुने भनिएको तर प्रदर्शनस्थलमा सुधनकै अगुवाइमा स्वास्थ्य स्वयंसेवक, तीनवटा एम्बुलेन्स र प्राथमिक उपचारको टेन्ट खडा गरिएको आयोगको भनाइ छ । भाद्र २३ गते रक्षा बम र जस्मिन ओझाहरुले सुधन गुरुङलाई एम्बुलेन्स, माइकिङ र टेन्ट हटाउन भनेको आयोगको प्रतिवेदनमा लेखिएको छ ।

'माइतीघरमा शान्तिपूर्ण प्रदर्शन गर्ने भनिएकोमा नयाँ बानेश्वरतिर प्रहरीको ब्यारिकेट तोड्दै किन गए ?,' आयोगको प्रतिवेदनले भन्छ-'संसद भवन पुगेपछि प्रदर्शन उत्तेजक र हिंसात्मक भएको सुरक्षाकर्मीको भनाइ छ । घुसपैठ रोक्न आयोजकले प्रयास गरेनन् ।'

» बाँकी ३ पेजमा

# अर्घाखाँचीमा स्थानीय तहको सीमा र संख्या हेरफेर बहस सुरु



**अनिल नेपाली**
*अर्घाखाँची*

अर्घाखाँचीमा गाउँपालिका, नगरपालिका तथा वडाको संख्या र सीमा हेरफेर तथा स्थानीय तह पुनर्संरचनाका विषयमा प्रारम्भिक बहस सुरु भएको छ । नेपाल सरकारको गत असार ४ गते राजपत्रमा प्रकाशित मापदण्डअनुसार जिल्ला समन्वय समितिको पहलमा स्थानीय तहको संख्या तथा सीमाना हेरफेर, एक-आपसमा गाभ्ने तथा नगरपालिकाको वर्गीकरण पुनरावलोकनसम्बन्धी अध्ययन अघि बढाइएको हो ।

यसैक्रममा अध्ययन टोलीले शीतगंगा नगरपालिका-९ नयाँबस्तीमा पुगेर स्थानीय, राजनीतिक दलका प्रतिनिधि तथा जनप्रतिनिधिसँग प्रारम्भिक छलफल गरेको छ । छलफलमा स्थानीय तहको भौगोलिक अवस्था, सेवा प्रवाह र स्थानीय आवश्यकतालाई ध्यानमा राखेर वडाको सीमा पुनरावलोकन गर्नुपर्ने विषयमा स्थानीयले विभिन्न सुझाव दिएका छन् ।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले स्थानीय तहको संख्या तथा सीमाना हेरफेरसम्बन्धी मापदण्डका आधारमा प्रारम्भिक अध्ययन भइरहेको बताए । उनले शीतगंगा नगरपालिकाको भौगोलिक जटिलतालाई समेत ध्यानमा राख्दै स्थानीयको माग र सरोकारवालाबाट प्राप्त सुझावका आधारमा प्रक्रिया अघि बढाउनुपर्ने जनाए । छलफलमा वडा नं. ९ अन्तर्गतका केही बस्तीलाई छिमेकी वडामा समायोजन गर्नुपर्ने तथा अन्य वडाका केही बस्तीलाई वडा नं. ९ मा जोड्नुपर्ने सुझाव आएका छन् । कानाचौर, साइकेने र औलाका बस्तीलाई वडा नं. ७ मा गाभ्नुपर्ने, कमलगैरा, जामुने र भक्कुचोकलाई वडा नं. ९ मा जोड्नुपर्ने तथा तल्लो शिलिङखोला, लापे, तीनखण्डे टोललगायतका क्षेत्रलाई वडा नं. ८ मा जोड्नुपर्ने सुझाव स्थानीयले दिएका छन् । यस्तै शीतगंगा नगरपालिका वडा नम्बर ११ लाई दुईवटा वडा कायम गर्ने विषयमा सर्वपक्षीय बैठकले सर्वसम्मत निर्णय गरेको छ । जिल्ला समन्वय समिति प्रमुखसहितको कार्यदल, शीतगंगा नगरपालिकाका प्रमुख तथा नगरपालिकाको टोली, वडा अध्यक्षहरू, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि र वडाका विभिन्न टोलबस्तीबाट आएका स्थानीयको उपस्थितिमा खयरभट्टीमा सर्वपक्षीय बैठक बसेको हो ।

बैठकले भौगोलिक रूपमा जिल्लाकै ठूलो तथा दुर्गम मानिने शितगंगा-११ लाई साविकका वडा नम्बर ५ र ६ लाई अलग-अलग वडा कायम गर्ने गरी विभाजनको प्रस्ताव सर्वसम्मत रूपमा तयार गरेको जनाइएको छ । करिब १४६ वर्ग किलोमिटर क्षेत्रफल रहेको ठूलो भूगोलका कारण स्थानीयलाई सेवा प्रवाह तथा विकास निर्माणमा सहजता ल्याउन वडा विभाजन आवश्यक रहेको वडा अध्यक्ष नवराज भुसालको भनाइ छ ।

कार्यक्रममा शीतगंगा नगरपालिकाका नगरप्रमुख छविलाल पौडेल, जिल्ला समन्वय समितिका समन्वय अधिकारी केशव ज्ञवाली, सहायक प्रमुख जिल्ला अधिकारी राजेश पन्थी, शीतगंगा नगरपालिका-७ का वडाध्यक्ष देवीराम घिमिरे, वडा नं. ८ का वडाध्यक्ष रुकेश आले, वडा नं. १० का वडाध्यक्ष केशव बेल्बासे, वडा नं. ११ का वडाध्यक्ष नवराज भुसाल र वडा नं. १४ का वडाध्यक्ष दामोदर न्यौपानेलगायत सहभागी थिए ।

स्थानीयवासीले वडाको सीमा हेरफेरसँगै भौगोलिक सहजता, प्रशासनिक सेवा र स्थानीय आवश्यकताका विषयमा सुझाव दिएका थिए । शीतगंगा नगरपालिकाको सीमा तथा वडाको संरचना हेरफेरका विषयमा यसअघि पनि स्थानीय तथा सरोकारवालाले पटक-पटक छलफल गर्दै आएका छन् ।




## सम्पादकीय

# डेंगुविरुद्धको अभियान खोई ?

वर्षापछिको समय डेंगु संक्रमण हुने धेरै संभावना हुन्छ। विभिन्न ठाउँमा जमेको पानीमा डेंगु सार्ने लामखुट्टेएडिस एजेप्टाई र एडिस एल्बोपेक्टसले फूल पार्ने हुँदा त्यसबाट लामखुट्टेको संख्या वृद्धि हुन्छ। लामखुट्टेको वृद्धि रोक्न वर्षापछि खोज र नष्ट गर अभियान चलाउनु नै डेंगु संक्रमणलाई फैलिन नदिनु हो।

जलवायु परिवर्तनका कारण नेपालको सबै भूभागमा लामखुट्टेका लागि अनुकुल हुँदै गएको छ। तराईमा पाइने लामखुट्टेले अब आफूलाई पहाडी र हिमाली वातावरणमा अनुकुलन बनाउँदै लगेको छ। भदौ तेस्रो सातासम्म लुम्बिनी प्रदेशमै डेंगी संक्रमणको तथ्यांकमा पाल्पामा सबैभन्दा धेरै देखिएको छ। प्रदेशका १२ जिल्लामध्ये गत पुषयता पाल्पामा २ सय ९९ जनामा डेंगी संक्रमण देखिएको छ। पछिल्ला दिनमा चिसो मौसममा समेत डेंगुका बिरामी देखिएको ले अब वर्षा र गर्मी याममा मात्रै डेंगु संक्रमण हुन्छ भन्ने छैन। विज्ञहरूका अनुसार, १२-१३ डिग्रीमा पनि डेंगु सार्ने लामखुट्टे सहजै बाँच्न सक्छ। डेंगु फैलिनुको कारण बढ्दो शहरीकरण पनि हो। जनघनत्व बढी भएका शहरमा डेंगु सार्ने लामखुट्टेलाई हुर्कन सहज हुन्छ। विज्ञहरुले मनसुन सुरु हुनासाथै खोज तथा नष्ट अभियान व्यापक बनाउन सुझाव दिएको भए पनि वास्ता गरिएको छैन्। लार्भा अवस्थामै नियन्त्रण गर्न ध्यान दिने हो भने संक्रमण दर नियन्त्रण गर्न सकिने भएपनि तहगत सरकारको ध्यान नजानु गलत छ। खोज र नष्ट अभियान स्थानीय तहले गर्न सक्छन्। स्थानीय तहले टोल समिति परिचालन गरी खोज र नष्ट गर अभियान चलाउन सक्छन्। डेंगु फैलिए पनि यस्तो अभियान चलाउनु भन्दा महामारीको रुपमा फैलिनु अघि नै खोज र नष्ट गर अभियान चलाउने हो भने समुदायलाई संक्रमणबाट जोगाउन संभव छ। थोरै सरकारी लगानीमा धेरै प्रभावकारी काम गर्न सकिन्छ।

एडिस एजेप्टाई र एडिस एल्बोपेक्टस नामक लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु संक्रमण नेपालमा पहिलो पटक २०००४ मा चितवनमा आएका एक विदेशी नागरिकमा भेटिएको थियो। त्यसपछि २००६ मा तराई र भित्री मधेशका केही जिल्लामा डेंगुका बिरामी भेटिए। २०१६ मा चितवन, झापा र रूपन्देहीमा महामारीकै रूपमा डेंगु देखिएको थियो। २०२० मा धरानबाट फैलिएको डेंगुबाट १८ हजार मानिस संक्रमित भए, ४३ जिल्लामा फैलिएको डेंगुले १२ जनाको मृत्यु भयो। सन् २०२२ मा डेंगु संक्रमित ७७ वटै जिल्लामा फैलिँदा ५४ हजारभन्दा बढी संक्रमित भए। उनीहरूमध्ये ८८ जनाको मृत्यु भएको तथ्याङ्क छ। सन् २०२३ मा २० जना मृत्यु हुँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए। सन् २०२४ मा भने १३ जनाको मृत्यु हुँदा झण्डै ३५ हजारभन्दा बढी संक्रमित भए।

विगतको यो तथ्याङ्क हेरेर समुदाय परिचालन गरी डेंगुविरुद्धको पूर्व तयारी संक्रमण फैलिनु अघि नै गर्न सकिन्छ। संघीय र प्रदेश सरकारको मुख नताकी स्थानीय तहले योजना बनाएर काम गर्दा स्थानीय सरकार सक्रिय भएको सकारात्मक सन्देश प्रवाह हुन्छ।

# विपत्तिपछि पुनरुत्थान : समृद्ध पर्यटन र सुदृढ भविष्य



खुम सुवेदी

यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ। सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध सङ्घ/संस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरू एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो। एकीकृत उद्धार, द्रूत पूर्वाधार विकास, राज्यको उच्चस्तरीय कूटनीतिक पहल र उच्च आत्मबलका साथ नेपालको पर्यटन उद्योग फेरि अझ सुरक्षित, व्यवस्थित र समुन्नत रूपमा टाउको उठाएर उभिनेछ।

प्राकृतिक विपत्तिका अगाडि मानिस निसहाय बन्छ, तर उसको अदम्य साहस, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित हुँदैन। प्रकृतिको अनुपम वरदान, हिमश्रृंखलाहरूको काख र अद्वितीय संस्कृतिको धनी हाम्रो देश आज फेरि एकपटक प्रकृतिको कठोर परीक्षाबाट गुजरिरहेको छ। अविरल वर्षा, विनाशकारी बाढी र पहिरोका कारण रसुवागढी, नुवाकोट, धादिङ तथा मुग्लिन-काठमाडौँ जोड्ने मुख्य सडक धमनी कृष्णभीर क्षेत्रमा पहाडहरू खसेर यातायात र सञ्चार अवरुद्ध हुन पुगेका छन्।

यस प्राकृतिक प्रकोपले नेपालको पर्यटकीय यातायात, पदमार्ग र समग्र पर्यटन उद्योगमा गहिरो चोट पुर्‍याएको छ। रसुवागढी, लाङटाङ, गोसाइँकुण्डजस्ता पवित्र धार्मिक एवं साहसिक क्षेत्रतर्फ गएका श्रद्धालु यात्री, विदेशी पर्यटक, यातायात चालक, पर्यटन मजदुर, पदयात्राका पथप्रदर्शक (गाइड), भरिया र स्थानीय बासिन्दाहरू प्रभावित बनेका छन् तर इतिहास साक्षी छ- मानिस प्राकृतिक विपत्तिका अगाडि केही क्षणका लागि विवश देखिए पनि उसको अदम्य साहस, धैर्य, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित भएको छैन।

खोजी तथा उद्धारका कार्यहरू तीव्र रूपमा अगाडि बढिरहेको यो कठिन घडीमा हराइरहेका सबै नेपाली तथा विदेशी नागरिकहरूको शीघ्र सुरक्षित उद्धार, घाइतेहरूको अविलम्ब स्वास्थ्यलाभ र प्रभावित परिवारहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सबैको रहेको छ। निराशाको यो कालो बादल छिचोल्दै नेपालको पर्यटन उद्योग फेरि उठ्नै पर्छ र नयाँ ऊर्जाका साथ विश्वसामु चम्किनै पर्छ। पर्यटन उद्योग र व्यवसायलाई नयाँ ऊर्जाका साथ पुनर्जीवन दिनु, अर्थतन्त्रलाई गतिशील बनाउनु र सम्पूर्ण देशवासीमा आत्मविश्वास जगाउनु आजको मुख्य आवश्यकता हो।

**हिजोको गौरव, आजको चुनौती र भोलिको स्वर्णिम सम्भावना**

हिजोका दिनमा नेपाल केवल एक पर्यटकीय गन्तव्य मात्र थिएनस यो विश्वभरका पर्यटकहरूका लागि आत्मिक शान्ति, सगरमाथाको साहसिक पदयात्रा, लाङटाङको मनमोहक उपत्यका, अन्नपूर्णको अद्वितीय पदमार्ग र नुवाकोटका ऐतिहासिक धरोहरहरूको साक्षात पाठशाला थियो। हाम्रा कला, मौलिक संस्कृति र 'अतिथि देवो भवः' को संस्कारले विश्वलाई मोहित बनाएको थियो। आज अविरल वर्षा र पहिरोले हाम्रा पैदलमार्गहरू क्षति पुर्‍याएका छन्।

सडक सञ्जालहरू विच्छेद हुँदा पर्यटकीय आवागमन ठप्प प्रायः बनेको छ। यसले पदयात्राका गाइड, भरिया, यातायात चालक, साना पर्यटन व्यवसायी, चियापसल सञ्चालक र स्थानीय होमस्टे व्यवसायीहरूको रोजीरोटीमा प्रत्यक्ष धक्का पुर्‍याएको छ। विपत्तिले ल्याएको यो विनाशलाई हामीले एक ठूलो अवसरमा बदल्नु छ। आधुनिक, जलवायु-अनुकूल पूर्वाधार निर्माण गरेर, अन्तरराष्ट्रिय जगत्मा हराएको आत्मविश्वास पुनः फर्काउँदै नेपाललाई विश्वकै सुरक्षित, व्यवस्थित र जीवन्त पर्यटकीय स्वर्गका रूपमा पुनः स्थापित गर्नु आजको मुख्य कार्यदिशा हो।

**पर्यटन नै नेपालको मुख्य आर्थिक आधार**

वैदेशिक मुद्रा र कूल गार्हस्थ उत्पादन (जिडिपी)को मुख्य स्रोत : नेपालसँग विशाल खनिज वा ठूला औद्योगिक कारखानाहरू छैनन्स हाम्रो सबैभन्दा ठूलो र दिगो सम्पत्ति नै हाम्रा हिमाल, हरियाली, जैविक विविधता र मौलिक संस्कृति हुन्। देशमा पर्यटकीय गतिविधि बढाउनु नै देशको जिडिपी वृद्धि गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता दिने मुख्य आधार हो।

समावेशी रोजगार र स्थानीय अर्थतन्त्रको विकास : सहरका सुविधासम्पन्न होटलदेखि गाउँका साना चियापसलसम्म, हिमाली भेगका कठोर परिश्रम गर्ने भरियादेखि सांस्कृतिक कलाकारहरूसम्म - पर्यटनले बिना भेदभाव हरेक नेपालीको घरमा चुलो बाल्न र स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न मद्दत पुऱ्याउँछ। सभ्यता, संस्कृतिर मौलिकताको प्रवर्द्धनः पर्यटन केवल व्यापार मात्र होइन, यो हाम्रो कला, पञ्चेबाजा, लोक दोहोरी, हस्तकला, चिया पर्यटन र मौलिक नेपाली आतिथ्य परम्परालाई विश्वभरका मानिसहरूको मनमा पुऱ्याउने सबैभन्दा सशक्त माध्यम हो।

**सङ्कट समाधानका ठोस र व्यावहारिक कदमहरू**

**- द्रुत खोजी, उद्धार र मानवीय प्राथमिकता :**

यतिबेला जोखिममा परेका पर्यटक, गाइड, भरिया, चालक तथा स्थानीयवासीको खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै उनीहरूका लागि सुरक्षित आश्रय, खाद्यान्न, प्राथमिक उपचार र मनोवैज्ञानिक ढाडसको जरुरत पर्दछ।

**– सडक मर्मत र वैकल्पिक पहुँचको सुनिश्चितताः**

नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटक आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू सुरक्षित छन् भन्ने सकारात्मक सन्देश समयमै अन्तरराष्ट्रिय जगत्मा पुऱ्याउनुपर्ने हुन्छ। मुग्लिन-काठमाडौँ (कृष्णभीर) र रसुवागढी-नुवाकोट मार्गको क्षतिलाई प्राथमिकताका साथ प्राविधिक अध्ययन गरी अल्पकालीन र दीर्घकालीन रूपमा सञ्चालनयोग्य बनाउनुपर्छ। मुख्य राजमार्ग अवरुद्ध हुँदा पर्यटकीय आवागमनलाई निरन्तरता दिन हवाई मार्ग तथा वैकल्पिक सडकहरूको सहज र सर्वसुलभ प्रयोग सुनिश्चित गराउन सक्नुपर्छ।

**– सत्यतथ्य सूचना सम्प्रेषणः**

विपद्को समयमा पारदर्शी सूचना सम्प्रेषण र सकारात्मक सन्देशको महत्व निकै रहन्छ। प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य र पारदर्शी सूचना प्रवाह गर्नुपर्छ। नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटकीय आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू पूर्ण रूपमा सुरक्षित छन् भन्ने सकारात्मक सन्देश विश्वसामु पुऱ्याउनुपर्ने हुन्छ। प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य, अद्यावधिक र पारदर्शी ढङ्गबाट सूचना प्रवाह गर्ने संयन्त्र हुन आवश्यक छ।

**– पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनः**

पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनको विकासमा ध्यान दिनुपर्ने देखिन्छ। भविष्यमा कृष्णभीर वा अन्य संवेदनशील भौगोलिक क्षेत्रमा पर्न सक्ने क्षति न्यूनीकरणका लागि जलवायु-अनुकूल पूर्वाधार निर्माणमा जोड दिँदै पदयात्रा तथा साहसिक भ्रमण सञ्चालन गर्दा मौसमको पूर्वसूचना प्रणालीलाई अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन सकिएमा जस्तोसुकै विपद्मा पनि मानवीय तथा भौतिक क्षतिलाई रोक्न सकिन्छ।

- प्रभावित व्यवसायी र श्रमिकका लागि राहत प्याकेजः विपत्तिका कारण रोजगारी र व्यवसाय प्रभावित भएका पथप्रदर्शक, भरिया, चालक, साना पर्यटन व्यवसायी र श्रमिकहरूलाई लक्षित गरी अल्पकालीन सहायता, कर छुट र पुनरुत्थान योजना राज्य र निजी क्षेत्रको सहकार्यमा लागू गराउन सरकारबाट पहल हुन आवश्यक छ।

**अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरूसमक्ष आह्वान**

नेपालको पर्यटन पूर्ण रूपमा सुरक्षित छ र देश विश्वभरका पर्यटकहरूलाई स्वागत गर्न आतुर छ भन्ने सन्देश अन्तरराष्ट्रिय मञ्चमा पुऱ्याउन सरकारको तर्फबाट छिटै ऐतिहासिक कूटनीतिक सम्मेलन आयोजना गरिनु सान्दर्भिक देखिन्छ। त्यस कार्यक्रममार्फत नेपालस्थित विभिन्न मुलुकका राजदूत, कूटनीतिक नियोगका प्रमुख, महावाणिज्यदूत, अन्तरराष्ट्रिय विकास साझेदारहरू, नाट्टा, टानलगायतका अग्रणी पर्यटन व्यवसायी सङ्घ/संस्थाहरूलाई एकै ठाउँमा आमन्त्रित गरी राज्यका शीर्ष नेतृत्व तहबाट विश्वव्यापी रूपमा आधिकारिक संयुक्त घोषणा गर्दा त्यसले विश्व समुदायमा नेपालो छविलाई अझ उजिल्याउन मद्दत पुग्दछ।

यसबाट हालैको अविरल वर्षा र बाढी/पहिरोले देशका केही सडक पूर्वाधार र सञ्जालमा क्षणिक चुनौती खडा गरे तापनि नेपालका अधिकांश पर्यटकीय गन्तव्यहरू पूर्ण रूपमा सुरक्षित, जीवन्त र सुचारु रहेका छन् भन्ने सन्देश जानेछ। बाढी र पहिरो प्रभावित क्षेत्रहरूमा द्रुत उद्धार, राहत र पूर्वाधार पुनरुत्थानको काम तीव्रताका साथ अगाडि बढाइसकिएको छ। पर्यटन नै नेपालको जीडीपी र समावेशी अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकाले राज्यले यस क्षेत्रको पुनर्निर्माणलाई सर्वोच्च प्राथमिकतामा राखेको भन्दै पुनर्निर्माणमा सहयोगका लागि आह्वान गर्न सकिन्छ। यो विदेशी नागरिक तथा विश्वभरका पर्यटकहरूलाई निर्धक्क भएर नेपाल भ्रमणमा आउन र यहाँका हिमाल, संस्कृति र आतिथ्यको अद्वितीय अनुभव लिन हार्दिक आह्वान गर्ने महत्वपूर्ण अवसर पनि हुनेछ।

**पुनरुत्थानको साझा सङ्कल्प**

रात जतिसुकै कालो र लामो भए पनि बिहानीको सूर्य उदाउन कसैले रोक्न सक्दैन। नुवाकोटका डाँडाकाँडा, रसुवाका हिमाल र कृष्णभीरका पहिराहरूले हामीलाई केही समयका लागि रोक्न खोजे पनि नेपालीहरूको पुनरुत्थानको चेतना, हिम्मत, भरियाहरूको समर्पण र आतिथ्यको भावनालाई कहिल्यै ढाल्न सक्दैनन्।

पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन राज्य र निजी क्षेत्रको सहकार्यमा विशेष आर्थिक र नीतिगत सहजीकरण गराउन सकिन्छ। प्राकृतिक विपत्तिले अल्पकालीन रूपमा हाम्रा सडक पूर्वाधार र पर्यटन व्यवसायमा चुनौती खडा गरे पनि नेपालको अद्भूत सौन्दर्य, अतिथि सत्कारको परम्परा र नेपालीहरूको अदम्य साहस कहिल्यै कमजोर हुनु हुँदैन।

यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ। सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध सङ्घ/संस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरू एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो। एकीकृत उद्धार, द्रूत पूर्वाधार विकास, राज्यको उच्चस्तरीय कूटनीतिक पहल र उच्च आत्मबलका साथ नेपालको पर्यटन उद्योग फेरि अझ सुरक्षित, व्यवस्थित र समुन्नत रूपमा टाउको उठाएर उभिनेछ।

घटना र विचारबाट

# म्याग्दी नदी बेसिनमा उत्पादित विद्युत् आबद्ध गर्न डाँडाखेतमा सवस्टेशन

म्याग्दी। म्याग्दीको मालिका गाउँपालिका-७ डाडाखेतमा १३२ केभी क्षमताको सवस्टेशन निर्माण गरिएको छ। नेपाल विद्युत् प्राधिकरणले म्याग्दी नदी बेसिनमा निर्माणाधिन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रिय प्रणालीमा आबद्ध बनाउन सवस्टेशन बनाएको हो। एकाउन्न रोपनी क्षेत्रफलमा निर्माण भएको डाँडाखेत सवस्टेशनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान भइसकेको डाडाखेत-राहुघाट प्रशारण लाइन आयोजनाका प्रमुख रोशन अग्रवालले बताए।

"डाँडाखेत सवस्टेशनको भौतिक पूर्वाधार निर्माण र जडान भएका उपकरणको परीक्षण भएको छ," उनले भने-"डाँडाखेतदेखि राहुघाट जोड्ने २५ किलोमिटर प्रशारण लाइन र राहुघाट सवबस्टेशन निर्माण अन्तिम चरणमा पुगेको छ।" डाँडाखेतमा विसं २०७५ देखि सवस्टेशनका लागि जग्गा व्यवस्थापन, घेराबार र आवास भवन निर्माण थालिएको थियो। प्रशारण लाइन र दुवै ठाउँमा सवस्टेशन निर्माणका लागि सन् २०२१ को डिसेम्वर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एण्ड टुब्रो (एलएनटी) लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो। पहिलो पटकको म्याद सन् २०२५ जुलाई १६ र दोस्रो पटकको म्याद नोभेम्बर १६ सम्ममा सकिएपछि २०२६ अगस्ट १६ गतेसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो। ठेकेदार कम्पनी एलएनटीका आयोजना व्यवस्थापक शुभासचन्द्र शर्माले आगामी डिसेम्बरसम्म सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको बताऐ।

उनका अनुसार प्रशारण लाइनको क्षेत्राधिकारमा पर्ने वन क्षेत्रमा रुख कटान आदेश प्राप्त हुन भएको ढिलाइ, राहुघाट सवस्टेशन निर्माणस्थलको कमजोर भूगोल, विपद्को जोखिम र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले निर्माण अवधी लम्बीएको हो।

एक सय ३२ केभी क्षमताको डबल सर्किट प्रशारण लाइनको हालसम्म ८२ वटामध्य ८० वटाको जग निर्माण र ७२ वटा टावर खडा भएका छन्। करिब १५ किलोमिटर प्रशारण लाइनको तार तान्ने काम सकिएको छ। २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन निर्माण अन्तिम चरणमा पुगेको छ।

कुल रु चार अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एशियाली विकास बैङ्कको ऋण लगानी छ।

एशियाली विकास बैङ्कसँग भएको २७ मिलियन डलर ऋण सम्झौता पछिल्लो पटक बढाएर ३१ मिलियन डलर बनाइएको छ। एशियाली विकास बैङ्कले विद्युत् प्रशारण लाइन आधुनिकीकरण परियोजनामार्फत राहुघाट-डाँडाखेत प्रशारण लाइन बनाउन ऋण लगानी गरेको हो। म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माणाधिन छन्। राहुघाटमा ३५.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८ मेगावाटको अपर राहुघाट, २१.३ मेगावाट क्षमताको ठुलोखोला र २३ दशमलब पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले उत्पादन थालेका छन्।

चालिस मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना परीक्षण उत्पादनको तयारीमा छ। तुदी पावरले बनाएको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रशारण लाइनमा विद्युत् आपुर्ति गराएका तुदी पावरका आयोजना प्रमुख इन्द्र ढकालले बताए।

# कसरी चिन्ने सक्कली हिङ ?

काठमाडौँ। हिङ नेपाली भान्साको स्वाद बढाउने मसला मात्र नभएर एक प्रभावकारी घरेलु औषधी पनि हो।

पेट फुल्ने, अपच, कब्जियत र रुघाखोकी जस्ता विभिन्न स्वास्थ्य समस्याहरूमा हिङको सेवन गर्ने गरिन्छ।

शरीरलाई फाइदा पुग्छ भनेर हामीले ढुक्कसँग खाने हिङ नै कमसल वा मिसावटयुक्त पर्यो भने यसले स्वास्थ्यमा उल्टै गम्भीर असर पुर्याउन सक्छ। त्यसैले, बजारबाट किनेर ल्याइने हिङ सक्कली हो वा मिसावटयुक्त, कसरी पहिचान गर्ने भन्ने विषयमा यहाँ केही सरल तरिकाहरू प्रस्तुत गरिएको छः



**१. सुगन्धबाट चिन्नुहोस्**

**सक्कली हिङको सुगन्ध निकै** कडा र तीखो हुन्छ। थोरै मात्रामा प्रयोग गर्दा पनि यसले सम्पूर्ण खानाको बास्ना बदल्न सक्छ। यदि यसको सुगन्ध हल्का वा कृत्रिम लाग्छ भने त्यसमा मिसावट भएको हुन सक्छ।

**२. पानीमा घोलेरः**

शुद्ध हिङलाई पानीमा राख्दा दूधजस्तै सेतो रङ छोड्दै यो बिस्तारै घुल्छ। यदि पानीको पिँधमा धेरै छोक्रा वा दानाहरू छुट्टिएर बाँकी रहन्छन् भने त्यसमा स्टार्च वा अन्य कमसल पदार्थ मिसाइएको हुन सक्छ।

**३. जलाएर हेर्दाः**

सक्कली हिङ आगोको सम्पर्कमा आउनासाथ तुरुन्तै बल्छ र चम्किलो ज्वाला दिन्छ।

यदि जलेपछि धेरै खरानी बाँकी रहन्छ भने त्यसमा मिसावट भएको बुझ्नुपर्छ।

**४. रङमा ध्यान दिनुहोस्ः**

शुद्ध हिङ सामान्यतया हल्का खैरो वा पहेँलो रङको हुन्छ। अत्यधिक चम्किलो वा पूर्णरूपमा सेतो पाउडर छ भने त्यसले मिसावटतर्फ सङ्केत गर्छ।

**मिसावटयुक्त हिङ कसरी बनाइन्छ ?**

लागत कम गर्न व्यापारीहरूले शुद्ध हिङमा गहुँको पीठो, चामलको पीठो, स्टार्च, गम (गोंद), नुन र कृत्रिम रङहरू मिसाउने गर्छन्।

यस्तो मिसावटयुक्त हिङको उपभोगले स्वास्थ्यमा निम्नलिखित असरहरू पुऱ्याउन सक्छः

मिसावटयुक्त हिङले ग्यास्ट्रिक, पेट फुल्ने, अपच र पेट दुख्ने जस्ता समस्याहरू झन् बढाउन सक्छ।

कृत्रिम रङ वा अन्य रसायनहरू मिसाइएको हिङ खाँदा कतिपय मानिसमा एलर्जी, छाला चिलाउने वा रियाक्सन हुने जस्ता समस्या आउन सक्छन्।

हिङमा गहुँको पीठो मिसाइने हुँदा यसले 'सेलियाक' रोग वा 'ग्लुटेन' प्रति संवेदनशील भएका मानिसहरूमा स्वास्थ्य समस्या निम्त्याउन सक्छ।

पाचन प्रक्रिया सुधार्न र ग्यासको समस्या कम गर्न मानिसहरूले हिङको प्रयोग गर्छन्, तर कम गुणस्तर वा मिसावटयुक्त हिङमा यी प्राकृतिक औषधीय गुणहरू हुँदैनन्।

**हिङ किन्दा ध्यान दिनुपर्ने कुराहरूः**

विश्वसनीय र इजाजतपत्र प्राप्त ब्रान्डको मात्र हिङ छनोट गर्नुहोस्। प्याकेटमा लेखिएका सामग्रीहरू अवश्य पढ्नुहोस्।

अत्यधिक सस्तो मूल्यमा पाइने हिङ किन्नबाट बच्नुहोस्।

प्याकेजिङको सिल (छाप) र म्याद सकिने मिति जाँच्न नबिर्सनुहोस्।



**स्याउ टिप्दै किसानः**

बिक्रीका लागि बजार पठाउन मुस्ताङका किसान बगैँचामा स्याउ टिप्दै । आसन्न हरितालिका तिज पर्वलाई लक्षित गरी व्यापारीहरुले मुस्ताङको पाँचै स्थानीय तहका स्याउ बगैँचाहरुमा सोमबारदेखि सबै प्रजातिका स्याउ टिप्न सुरु गरेका छन् । यही भदौ ८ गते मुस्ताङमा भएको जिल्लास्तरीय निर्णयअनुसार छिटो पाक्ने स्याउ भदौ १५ गतेदेखि टिप्ने र ढिलो पाक्ने स्याउ भदौ २२ गतेबाट टिप्न सुरु गर्ने कार्यतालिका सार्वजनिक गरिएको थियो । तस्विरः रासस

# भोटेकोसी बाढीः शोकमा डुबेका अनलाललाई साथ दिँदै वडावासी

राँझा । एकैपरिवारका तीन जना बेपत्ता । त्योभन्दा ठूलो पीडा के होला ? यस्तै पर्नु पीर परेको छ, नेपालगन्ज-२० निवासी अनलाल रोकायलाई ।

भोटेकोशी बाढीमा तीन जना बेपत्ता भई अकल्पनीय शोकमा पर्नुभएका रोकायालाई वडावासीले साथ सहयोग प्रदान गरेका छन् । रसुवा भन्सार कार्यालय टिमुरे क्षेत्रमा काम गर्ने दाजु ५३ वर्षीय शेरसिंह रोकाय र भाउजु ५६ वर्षीया विष्णुमतिलाई भेट्न र तीर्थस्थल गोसाइँकुण्ड घुम्न गएका १९ वर्षीय छोरा दीपक रोकाय बेपत्ता हुँदा अनलाल यतिबेला असैह्य पीडामा छन् ।

बुढेसकालको सहारा एक्लो छोरा, अभिभावकका रुपमा रहनुभएका दाजु र भाउजु एकैपटक बेपत्ता भएपछि थपुवास्थित रोकाय निवासमा अहिले सन्नाटा र आँसु मात्र छचल्किरहेको छ । ढोकातिर हेर्दै 'कतै फर्किहाल्छन् कि' भन्ने आशा र मनभित्रको गहिरो निराशाबिच अनलालको परिवार वियोगको भारी थाम्न विवश छ ।

अकल्पनीय पीडा र शोकको घडीमा स्थानीय वडावासी भने रोकाय परिवारको घाउमा मलम लगाउन अघि सरेका छन् । स्थानीयवासीको सक्रियतामा सङ्कलन गरिएको नगद राहत बोकेर नेपालगञ्ज उपमहानगरपालिका-२० का कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढासहितको टोली सोमबार अनलालको निवासमै पुगेको थियो ।

"अकल्पनीय पीडाको अगाडि यो रकम धेरै सानो हो", कार्यवाहक वडाध्यक्ष बुढाले भावुक हुँदै अनलाललाई सम्झाए-"यो रकम मात्र होइन, सिङ्गो वडावासी तपाईंको साथमा छ । आगामी दिनमा बेपत्ताको खोजी र परिवारलाई चाहिने हरेक सहयोगमा हामी निरन्तर साथमै रहनेछौँ ।" आफ्नो सिङ्गो परिवार नै बेपत्ता भएपछि शोकमा डुब्नुभएका अनलालका लागि गाउँलेको यो साथले थोरै भए पनि सहारा दिएको छ । "सहयोग सानो वा ठूलो भन्ने हुँदैन, दुःखको यो क्षणमा वडावासीले खोजी कार्यदेखि आर्थिक सहयोग गरेर हाम्रो पीडामा मलम लगाउने काम गर्नुभएको छ ।"-गहभरि आँसु पार्दै अनलालले वडावासीप्रति आभार प्रकट गरे ।

आफ्ना मान्छे जीवितै फर्किने आशा मर्दै जाँदा, अन्तिम संस्कारका लागि भए पनि शव पहिचान होस् भन्ने पर्खाइमा रोकाय परिवार रहेको छ । "बाढीपछि फेला परेका शवसँग मिलान गर्न डीएनए परीक्षणका लागि नमुना पठाइएको छ", अनलालले आशा र निराशा व्यक्त गर्दै भने-"कम्तीमा डिएनए रिपोर्ट मिलेपछि त दाजु, भाउजु र छोराको अवस्था आधिकारिक रूपमा थाहा हुन्थ्यो ।"

भोटेकोसीको त्यो विनाशकारी बाढीले बाँके जिल्लाका मात्रै २३ जनालाई बेपत्ता बनाएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङका अनुसार, हालसम्म ३२ जनाको सकुशल उद्धार गरिएको छ । यस्तै, तीन जनाको सनाखत भएको छ । बाँकी बेपत्ताका परिवारका लागि भने हरेक दिन सम्झना, पीडा र कहिल्यै नसकिने पर्खाइ बनेर बितिरहेको छ ।

# बाँकेमा प्रदेश सरकारद्वारा १५ पुल निर्माण



नेपालगञ्ज (बाँके) । लुम्बिनी प्रदेश सरकारले बाँके जिल्लामा सङ्घीयता कार्यान्वयन भएयता १५ वटा पक्की पुल निर्माण गरेको छ ।

पुल निर्माणसँगै ग्रामीण तथा दुर्गम क्षेत्रका हजारौँ स्थानीयवासीको आवागमन सहज भएको प्रदेश भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको सडक पूर्वाधार विकास कार्यालय, बाँकेले जनाएको छ । उक्त कार्यालयका प्रमुख चन्द्रबहादुर शाहका अनुसार निर्माण सम्पन्न बाहेक दुई वटा निर्माणाधीन पुल अन्तिम चरणमा छन् भने थप दुई वटा पुल निर्माणका लागि बहुवर्षीय ठेक्कासमेत आह्वान भइसकेको छ ।

उनका अनुसार बैजनाथ गाउँपालिका-६ स्थित जेठी नाला र कोहलपुर नगरपालिका-१३ को गेरुवा खोलामा पुल निर्माण भइरहेको छ । स्थानीय आवश्यकता र मागका आधारमा प्रदेश सरकारले पुल निर्माणलाई प्राथमिकतामा राखेको छ । "स्थानीयको आवश्यकता र मागलाई आधार बनाएर पुल निर्माणका योजना छनोट गरी कार्यान्वयन गरिरहेका छौँ", कार्यालय प्रमुख शाहले भने-"पुल निर्माण सम्पन्न भएपछि वर्षायाममा समेत आवागमनमा सहजता भएको छ ।"

कार्यालयका अनुसार डुडुवा नाला, जेठी नाला, किरण नाला, गौरी नाला, गेरुवा नाला, गडगैचा नाला, गन्धैला नाला, दोन्द्रा नाला र रोहिणी खोलामा पुल निर्माण भएको छ । जेठी नालाअन्तर्गत चार वटा पुल निर्माण पूरा भइसकेको छ भने सोही क्षेत्रमा एचगाउँमा अर्को पक्की पुल निर्माणाधीन छ । यस अवधिमा खजुरा गाउँपालिका-२ सिगाउँस, खजुरा-४ चल्तुवा-सिर्जनाटोल तथा साइगाउँमा पक्की पुल निर्माण गरिएको छ । लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रत्न खत्रीले प्रदेश सरकार गठनपछि पुल निर्माणको क्षेत्रमा उल्लेख्य प्रगति भएको बताए । उनले प्रदेशका विभिन्न जिल्लामा दर्जनौँ पुल निर्माण भएपछि यातायात सञ्चालनमा सहजता आएको उल्लेख गरे ।

मन्त्री खत्रीले भने- "पुल निर्माणसँगै नागरिकको आवागमन र सवारीसाधन सञ्चालनमा सहजता भएको र प्रदेश सरकारले पुलसँगै सडक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ ।"

# भोटेकोसी बाढीप्रभावितलाई कारागारका कैदीबन्दीद्वारा सहयोग



चितवन । यहाँको कारागार रहेका कैदीबन्दीले भोटेकोशी बाढीप्रभावितलाई सहयोग गरेका छन् । कैदीबन्दीले आर्थिक सङ्कलन र श्रमदान गरी प्रभावित परिवारलाई बन्दोबस्तीका सामान सहयोग गरेका हुन् ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयलाई सोमबार कारागार परिसरभित्र उनीहरुले ती सामग्री हस्तान्तरण गरेका हुन् । उनीहरुले डसना, ब्लाङ्केट, तन्ना, सिरानी, सिरानीको खोल, गम्छा, नङ्कटर, साबुन, दाँत माझ्ने ब्रस, मन्जन र काहियो १२५ सेटका दरले उपलब्ध गराएका हुन् । कैदीबन्दीले रु १०० देखि रु दुई हजारसम्म नगद र श्रम दानगरी ती सामाग्री उपलब्ध गराइएको हो । रु तीन लाख ६७ हजार ३६ बराबरको सामान खरिद गरी डसना र सिरानी कारागार परिसरमानै बनाइएको सो अवसरमा जानकारी दिइयो ।

प्रमुख जिल्ला अधिकारी अर्यालले कारागार जीवन बिताइरहेकाबाट गरिएको यो सहयोग उदाहारणीय र नमूना किसिमको भएको बताए । कारागारमा हाल ७५० जना कैदीबन्दी रहेका छन् । जसमध्ये ७०८ जना पुरुष र ४२ जना महिला छन् ।

**छानबिन ...**

पछि जेन-जी विद्रोह नाम दिइएको आन्दोलनको सुरुमा कुनै राजनीतिक माग थिएन । तर भदौ २३ गते मध्याह्नपछि एकाएक आन्दोलनले अर्कै रूप लियो । संसद् भवनमा आगजनीको प्रयत्नसँगै सुरक्षाकर्मीले चलाएको गोलीबाट ठूलो संख्यामा हताहत भयो । प्रदर्शनकारी उग्र र आक्रामक भएको मौका छोपेर आन्दोलन 'हाइज्याक' गरिएको स्वयं जेनजी अभियान्ताहरु बताउँछन् ।

जेन-जी आन्दोलनमा घुसपैठ भएपछि आन्दोलन उग्र र हिंसात्मक बनेको थियो । निहत्था युवालाई उक्साएर संसदमा आगजनी गर्दा सुरक्षाकर्मीले चलाएको गोली लागेर काठमाडौंमा १७ सहित १९ जना निहत्था युवाको ज्यान गएको थियो भने थुप्रै घाइते भएका थिए । भदौ २४ गते भने बिहानैदेखि आक्रोशित भिडले देशभर सरकारी भवन, राजनीतिक दल कार्यालय मात्र होइन निजी निवास र व्यावसायिक प्रतिष्ठानमा आक्रमण गरेर तोडफोड, लुटपाट र आगजनी गरेको थियो । जसबाट अर्बौंको क्षति भएको थियो । देशैभरजस्तो कारागारहरू फुटाएर कैदीबन्दी भगाइएको थियो । यस क्रममा आन्दोलनकारी, कैदी, सुरक्षाकर्मी गरेर थप ५७ जनाको ज्यान गयो ।

स्थापित राजनीतिक नेताहरू, व्यवसायीहरू, व्यावसायिक प्रतिष्ठान र राज्यका तीनै अङ्गका साथै सञ्चार गृहहरूमाथि भएको आक्रमण र विध्वंस भने स्वःस्फूर्त नभएर नियोजित प्रकृतिको देखिएको थियो । यसले पनि जेन जीका नाममा भएको आन्दोलन अन्यत्रैबाट परिचालित थियो वा विध्वंसको षड्यन्त्र आन्दोलन आह्वानकर्ताले नभएर अरू कसैले गरेको हुनसक्छ भन्ने प्रश्नको उत्तर आउन सकेको छैन । आन्दोलनको क्षतिको जाँचबुझ गर्न गठित न्यायिक आयोगले पनि यसको टुंगो लगाएन ।

भदौ २४ मा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाका साथै सञ्चार माध्यममा पनि आगजनी गरिएको थियो । गणतन्त्रको प्रतीक राष्ट्रपतिको कार्यालयका साथै नेपाली उद्यमी, व्यवसायी र निजी लगानीकर्ताको लगानी पनि खरानी बनाइएको थियो । के त्यो आक्रोश सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवाका लागिमात्रै थियो ? नेकपा (माओवादी)ले १० वर्षसम्म गाउँ गाउँबाट उठाएर गरेको सशस्त्र संघर्षमा पनि गर्न नसकेको सिंहदरबार कब्जा चार घन्टामै गरेर आगजनी गरी खरानी बनाउने तागत नेपाली युवामा थियो ?

अरू त अरू सर्वोच्च अदालतमा आगजनी के उद्देश्यले गरिएको थियो ? राष्ट्रिय तथा बहुराष्ट्रिय लगानी भएका कम्पनीमा आगजनी के उद्देश्य प्राप्तिका लागि थियो ? आन्दोलनले जननिर्वाचित प्रतिनिधि सभा भङ्ग गराएर अन्तरिम सरकार बनायो । निर्वाचनको मूल कार्यादेश दिइएको अन्तरिम सरकारले न्यायिक आयोग गठन गर्नुका साथै निर्वाचन गरायो । यही अवधिमा सहकारी ठगीको मुद्दामा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई जेलबाट बाहिर निकाल्यो ।

त्यसपछि सुशासन कति कायम भयो ? रोजगारीका लागि विदेसिएका युवा कति रोकिए ? कति युवा फर्किए ? सडकमा उठेका आवाज संस्थागत सुधारमा कति बदलिए ?

एकातिर यस्ता प्रश्नको चित्तबुझ्दो जवाफ नेपाली युवाले पाउन सकेका छैनन् भने अर्कोतिर आन्दोलन छानबिनका लागि बनेको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सरकारले किन औपचारिक रुपमा सार्वजनिक गर्न नसकेको हो भन्ने प्रश्न पनि छ । कार्कीलाई भदौ २४ को घटनाको छानबिन गर्ने जिम्मेवारी किन दिइएको ? राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन किन रोकिएको लगायतका प्रश्न अझै अनुत्तरित नै छन् ।

नागरिकले राज्यबाट पारदर्शिता, सुशासन, न्याय र अवसर खोजेका हुन्छन् । पुराना राजनीतिक दलको हालिमुहाली सकिएको एक वर्षपछि फेरि त्यही प्रश्न गर्दा नागरिकले राज्यबाट प्राप्त गर्नुपर्ने आधारभूत अवसर कति प्राप्त गरे त ? जेन-जी आन्दोलनले उठाएको नेतृत्व पुस्तान्तरण, आन्तरिक लोकतन्त्र, पारदर्शिता र जवाफदेहीताको प्रश्नमा पनि जनताले अपेक्षित परिवर्तन अनुभव गर्न नपाएको व्यापक गुनासो छ ।

**सबै घटनाको...**

'घटनामा संलग्न जोसुकै भए पनि निष्पक्ष अनुसन्धान र कानुनी कारबाही हुनुपर्छ,' आइदेम्बेले भनेका छन्-'कसैलाई राजनीतिक संरक्षण वा सत्ताको प्रभावका आधारमा उन्मुक्ति दिन मिल्दैन ।'

उनले २३ भदौको अत्यधिक बल प्रयोगमा जिम्मेवार व्यक्ति तथा २४ भदौको आगजनी, तोडफोड, सार्वजनिक तथा निजी सम्पत्तिको विनाश र हिंसामा संलग्नलाई पनि कानुनी दायरामा ल्याउनुपर्ने बताए । आन्दोलनमा घुसपैठ गरी त्यसलाई हिंसात्मक बनाउन भूमिका खेल्ने व्यक्ति वा समूहलाई समेत उन्मुक्ति दिन नहुने उनको भनाइ छ ।

**आयोगको ...**

आयोगले गृहमन्त्री सुधन गुरुङमाथि गम्भीर प्रश्न तेर्स्याउँदै भनेको छ-'शान्तिपूर्ण प्रदर्शनका लागि भनी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएका हामी नेपालका सुधन गुरुङ लगायतले किन माइतीघर मण्डलामा प्राथमिक उपचारका लागि टेन्ट, ३ वटा एम्बुलेन्स तथा स्वास्थ्य स्वयंसेवक समेतको व्यवस्था गरेको हो भन्नेतर्फ आयोजकले ठोस जवाफ दिन नसकेको अवस्था छ ।'

अझ टीओबी ग्याङको सन्दर्भमा पनि आयोगले सुधनमाथि शंका गरेको छ र यो ग्याङमाथि अनुसन्धान हुनुपर्ने रिपोर्टमा सिफारिस गरिएको छ । तर, गृहमन्त्रालयको साँचो सुधनकै हातमा छ, आयोगको रिपोर्ट कसले कार्यान्वयन गर्ने ? कसले टीओबीलाई छानबनि र कारवाहीको दायरामा ल्याउने ?

**आयोगको रिपोर्टमा सुधनको भूमिकाबारे के भनिएको छ ?**

भदौ २३ गते बिहान १०:३० मा ३ हजार/३२ सय भेला भए । पछि २०/२५ हजार पुगे । टीओबी लेखिएका कालो टिशर्ट लगाएका, शरीरमा टीओबी ट्याटु खोपेका १५/२० जना बाइकर ग्रुपहरु आएर भीडलाई अगाडि बढ्न उत्तेजित बनाए ।

-१२ बजेको समयतिर सुधन गुरुङले नेतृत्व गरेको पाइन्छ । निशेधित क्षेत्रमा पस्न खोजेपछि मात्रै सुरक्षाकर्मीले अश्रुग्यास र पानीको फोहोरा हानेको पाइयो । सशस्त्रको वाटर क्यानल तोडफोड गरी त्यसमाथि चढेको । तर, जेनजी अगुवाले भीडलाई फर्कन आह्वान गरेको पाइयो ।

आयोगले टीओबीमाथि छानविन गरिनुपर्ने बताउँदै भनेको छ-'विध्वंशात्मक काम गर्नेहरुले विद्यार्थीलाई ढाल बनाई भवनमा आगजनीको प्रयास गरी धनजनको क्षति पुऱ्याएको । मानवअधिकार आयोगको गाडी तोडफोड गरी कर्मचारीलाई कुटपिट गरिएको । टीओबी लेखिएको १५/२० जना बाइकरमाथि थप अनुसन्धान गरी निष्कर्षमा पुग्नुपर्ने देखिन्छ ।'

आयोगले रिपोर्टमा भनेको छ-'आपराधिक कार्यमा संलग्न व्यक्तिहरुका विरुद्ध परेका जोहरी दर्खास्त समेतका आधारमा दोषी उपर कारबाही प्रक्रिया अगाडि बढाई पीडितको न्याय पाउने हकसमेत सुनिश्चितता गर्न आवश्यक देखिन्छ ।'

**रवि लामिछानेबारे आयोगले के भनेको छ ?**

मानवअधिकार आयोगले रास्वपा सभापति रवि लामिछानेमाथि पनि गम्भीर प्रश्न उठाएको अवस्था छ । आयोगको रिपोर्टको प्रकरण नम्बर १५ ले रवि लामिछानेलाई मानअधिकार उल्लंघनमा दोषी ठहर गरेको छ ।

यस्तै आयोगले केपी शर्मा ओलीमाथि भुतप्रभावी कानून बनाएर कारवाही गर्न भनेको छ । रमेश लेखक र पृथ्वीसुब्बा गुरुङ पनि मानवअधिकार उल्लंघनमा दोषी देखिएका छन्, उनीहरुमाथि पनि कारवाही गर्न भनेको छ । सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने सरकारको निर्णय असंवैधानिक भनेको छ । संविधानविपरीत निर्देशिका जारी गर्ने पृथ्वीसुब्बा गुरुङलाई मानवअधिकारको उल्लंघनकर्ता नै देखाएको छ ।

यस्तै आयोगले हालका आइजीपी दानबहादुर कार्कीलाई समेतलाई कारबाहीको दायरामा ल्याउन भनेको छ । तत्कालीन आइजीपी चन्द्रकुबेरलगायतलाई पनि कारबाही गर्न भनेको छ । झापा, सुनसरी, बाँके बालसुधार गृह, रामेछाप कारागार र धादिङ कारकागारमा गएका गोलीकाण्डको पनि छानविन गरी दोषीलाई कारबाहीको दायरमा ल्याउन भनेको छ ।

यस्तै फिल्डमा गोली चलाउने सुरक्षाकर्मीलाई कारवाही गर्न भनेको छ । एआइजी ओमविक्रम राणा, एसएसपी विश्व अधिकारी, काठमाडौँका प्रजिअ छविलाल रिजालसमेत मानवअधिकार उल्लंघनमा दोषी देखिएकाले कारबाही गर्न भनेको छ । मानवअधिकार उल्लंघनकर्तालाई कम्तिमा छ महिना निलम्बन गर्न भनेको छ । यस्तै मृतकलाई राहत र क्षतिपूर्ति दिन र ७६ जना सबै मृतकलाई विना भेदभाव क्षतिपूर्ति उपलब्ध गराउन भनेको छ । यस्तै व्यक्तिगत घरहरुमा भएको भौतिक नोक्सानीको मूल्यांकन गरी क्षतिपूर्ति दिन भनेको छ ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय पर्वत, कुस्मा**

**व्यक्ति एउटै भएको प्रमाणित गरिएको सम्बन्धमा ।**

**श्री जो जस संग सम्बन्ध छ ।**

**प्रकाशित मितिः २०८३।०५।२४**



प्रस्तुत विषयमा पर्वत जिल्ला पाखापानी गा.वि.स. वडा नं. ६ बस्ने डिलबहादुर क्षेत्री तथा पत्नी नेत्र कुमारी क्षेत्रीको नागरिकता प्रमाण पत्रमा क्रमशः पतिको जन्म मिति २०२४।०२।०५, पत्नीको नाम नेत्र कुमारी क्षेत्री, जन्म मिति २०२५।०५।०५ भएको र निजले भारतीय सेनाको भू.पू.नं . १३७५१७९८ - एफ. हवल्दार पदमा नोकरी गरेको पेन्सन अभिलेखमा आफ्नो जन्म मिति २०२४।०२।०६ पत्नीको नाम नेतर कुमारी र जन्म मिति २०२८।०७।२४ भई फरक परेको भएता पनि यी दुवै जन्म मिति भएका पति र दुवै नाम थर र जन्म मिति भएकी निम्न फोटो प्रमाणित पति पत्नी व्यक्ति एउटै भएको भनी सम्बन्धित गा. वि.स. बाट लेखी आएको व्यहोरा प्रमाणित गरिएको छ ।

**प्रमुख जिल्ला अधिकारी**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# यो सरकार पहिलाकाभन्दा खासै फरक छैन : जेनजी फ्रन्ट



बुटवल। जेनजी विद्रोहको पहिलो वार्षिकीमा जेनजी फ्रन्टले सरकारलाई १२ प्रश्न गरेको छ।

जेनजी आन्दोलन भएको एक वर्ष पुगेको अवसरमा फ्रन्टले बहसपत्र सार्वजनिक गर्दै सत्तासँग एकदर्जन प्रश्न गरेको छ । जेनजी आन्दोलनपछि बनेको वर्तमान सरकारको शैली विगतका सरकारसँग भन्दा खास फरक नभेटिएको फ्रन्टको निष्कर्ष छ। जेनजी आन्दोलनको बलमा वर्तमान सरकार बनेपनि जेनजीका मुद्दाहरूप्रति गम्भीर नभएको फ्रन्टले बुझाइ छ । जेनजीहरु जेलमा रहेको र जेजनी आन्दोलनको बलमा नेताहरु सत्तामा पुगेको फ्रन्टको ठहर छ।

सरकार र जेनजबिचमा सहमति भए पनि त्यसको कार्यान्वयन नभएको बहसपत्रमा उल्लेख गरिएको छ। जेनजी आन्दोलनकारीहरुले हाल पनि मुद्दा खेपिरहेको र पुर्पक्षका लागि जेलमा रहेकोमा सरकारको ध्यानाकर्षण गराइएको छ।

सरकारले भूमिहीन र सुकुमवासीप्रति पटक पटक प्रहार गरिएको भन्दै फ्रन्टले आपत्ति जनाएको छ । विकल्प नदिई मानव बस्ती खाली गरिएको प्रति फ्रन्टले सरकारसँग प्रश्न गरेको छ। झण्डै दुई तिहाईसहित प्रतिनिधिसभामा रहेको रास्वपा सरकारले संसद छल्न उद्दत रहेको फ्रन्टको निर्क्यौल छ । प्रधानमन्त्री बालेन्द्र शाहले संसदमा उठेका प्रश्नको जवाफ नदिएकोमा फ्रन्टले प्रश्न उठाएको छ।

प्रधानमन्त्री शाहले संसदमा सीमा सम्बन्धी दिएको अभिव्यक्ति कुटनीतिक तथा संवैधानिक मर्यादा विपरित रहेको फ्रन्टले बहसमपत्रका लेखेको छ। विगतमा प्रश्न सोधेकै बलमा यहाँसम्म आइपुगेको प्रधानमन्त्री देखि रास्वपा नेताहरु हाल प्रश्नबाट भाग्ने गरेको फ्रन्टको दाबी छ । सुरक्षा निकायलाई छुट्टै छानबिन समिति बनाउने भनिए पनि कारबाहीबाट वचाइएको फ्रन्ट निर्क्यौल छ।

नयाँ दल रास्वपामा 'फिल्ट्रेसन मेकानिजम' आन्तरिक शुद्धीकरण, जवाफदेहिता र गुणस्तरको नयाँ मानक स्थापित हुन नसकेको फ्रन्टको ठहर छ । वर्तमान सरकार र सत्तासीन दल फेसबुकको लाइकको पक्षमा देखिएको फ्रन्टको आरोप छ। सरकार सामाजिक सञ्जालको लाइकको पछि लागेको भन्दै फ्रन्टको प्रश्न छ- 'सामाजिक सञ्जालमा धेरै देखिएको कुरा नै जनमत हो ? हाम्रो प्रश्न हामीले छानिरहेका छौं कि एल्गोरिदमले ?' वर्तमान सरकार स्वास्थ्य बिमा सुधार्नभन्दा त्यसलाई सकाउने दिशामा लागेको भन्दै फ्रन्टले आपत्ति जनाएको छ।

**कसले के भन्छन् ?**

जेन्जी अभियन्ताहरूले सामाजिक सञ्जालमा स्टाटस लेख्दै आफ्नो असन्तुष्टी पोखेका छन् ।

**राज्य अहिले मौन : रक्षा बम**

जनताले आफ्नो सरकार खोज्न, सत्तामा बसेकाहरूलाई जिम्मेवार बनाउन र जबाफदेहिता माग्न उभिने ठाउँ सडक हो। तर विडम्बना, आफ्ना प्रश्नहरूको जवाफ माग्दा जनताले बारम्बार आफ्नो जीवनको आहुति दिनुपरेको छ । आफ्ना नागरिकले प्रश्न सोधेको बदलामा उनीहरूको ज्यान जानुपर्ने यो शृ‍ला सरकारहरू साँच्चै जिम्मेवार र जबाफदेही नहुन्जेल रोकिने छैन। एक वर्षअघि प्रश्न सोध्नेहरूलाई राज्यले गोली दियो । आज प्रश्न सोध्नेहरूलाई राज्यले मौनता दिइरहेको छ। गोली र मौनता यी दुई एउटै नियत बोकेका फरक हतियार हुन् भन्ने हाम्रो बुझाइ हो । प्रश्न गोली वा मौनताले सधैंका लागि मरेर जाँदैन । पुस्तौंपुस्तासम्म बाँचिरहन्छ । उत्तर नआउँदासम्म धड्किरहन्छ।

**यो जेन्जी सरकार होइन : मिराज ढुंगाना**

यो एक वर्षमा देशमा धेरै 'अप्स एन्ड डाउन' आए । एउटै शब्दमा आन्दोलनपछिको संक्रमणकाललाई व्याख्या गर्न सकिन्न। देशलाई परिवर्तन त चाहिएकै थियो। समय आएको थियो, यो देशले अग्रगामी छलाङ मार्ने। भइरहेको विधिले देशलाई निकास दिने नदेखिने भएकाले सत्ता परिवर्तन गर्ने आन्दोलन आवश्यक थियो।

तर म उनीहरूलाई जेन्जीको सरकार भन्न तयार छैन। काम राम्रो गर्नुस् भन्ने शुभकामना छ। जहिले पनि हुन्छ। उनीहरूले काम गर्नु भनेको मेरै देश विकास हुनु हो । तर उनीहरूबाट हुन्छ भन्ने मलाई लाग्दैन । उनीहरूको नियत सही होला, तर ढंग भन्ने पनि कुरा हुन्छ। त्यसको कमी भयो भने नियतले मात्रै केही हुँदैन।

**सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने निर्णय सन्दिग्ध थियो : तनुजा पाण्डे**

भ्रष्टाचारविरुद्धको ब्यानर बोकेर, पारदर्शिता र जबाफदेहिताको माग गर्दै सुरु भएको आन्दोलनको आज एक वर्ष पुगेको छ । तर विडम्बना, आन्दोलनले उठाएका आधारभूत मागमध्ये एउटा पनि पूर्ण रूपमा पूरा भएको छैन।

पूर्वप्रधानमन्त्री सुशीला कार्कीप्रति सधैं उच्च सम्मान छ र चुनाव गराउनुभएकोमा धन्यवाद पनि छ। तर उनलाई प्रधानमन्त्री बनाउने निर्णय कसको थियो ? डिस्कोर्ड जहाँ नेपालीबाहेक अरू देशका नागरिकहरू पनि च्याट बक्समा थिए, त्यस्तो एपमा आएको २-३ हजार भोटिङलाई कसरी ३ करोड सार्वभौम नेपालीको भोट मानेर प्रधानमन्त्री स्वीकार गरियो ? डिस्कोर्डबाट प्रधानमन्त्री बनाइयो भन्ने गलत भाष्य नै किन सिर्जना भयो ?

**एउटा माग पनि पुरा भएको छैन : माजिद अन्सारी**

जेनजी आन्दोलनको प्रतिनिधिहरू र नेपाल सरकार बीचमा सम्पन्न भएको १० बुँदे सम्झौताले भएको ९ महिनाभन्दा बढी समय बितिसक्दा पनि उक्त सम्झौतामार्फत स्थापित गरेका आधारभूत मुद्दा र मागमध्ये एउटा पनि पूर्णरूपमा पूरा भएको छैन।

आज जेन्जी शहादत र क्रूर राज्य दमनको १ वर्ष बितिसक्दा समेत यी प्रश्नहरूको उत्तर खोज्न अझै पनि बाँकी नै देखिन्छ। फूलको थुँगासमेत नचुँड्ने प्रतिबद्धताका साथ सुरु भएको आन्दोलन एकाएक कसरी उग्र बन्यो ? रास्वपा र काठमाडौं नगर प्रमुखको टोलीबाहेक काठमाडौंमा रहेको लगभग सबै नेताहरू घर खोजी खोजी छानिछानी कसले र कसरी जलायो ? केपी ओली र रमेश लेखक खोज्न हिँडेको भीडलाई सिंहदरबार तर्फ कसले मोड्यो ? राज्यप्रति आक्रोशित मानिसहरूलाई भाटभटेनी र हिल्टन होटल जलाउने दिशामा कसले, किन र कसरी मोड्यो ? तत्कालीन थुनुवा रवि लामिछानेलाई थुनामुक्त गर्ने गैरकानूनी किर्ते कागज बनाउनेलाई कारबाही किन भएन ?

**न्याय अझै बाँकी छ : रवि किरण हमाल**

जेन्जी आन्दोलनले उठाएका प्रश्न, शहीदहरूको बलिदान र नागरिकका अपेक्षालाई बेवास्ता गरिए लोकतान्त्रिक संस्थाप्रतिको विश्वास थप संकटमा पर्नेछ। सरकारले जनताको आवाज सुन्न, जेन्जी आन्दोलनको मर्म बुझ्न, दोषीमाथि कारबाही गर्न, निर्दोषलाई रिहा गर्न तथा छानबिन प्रतिवेदन सार्वजनिक गर्न आवश्यक छ।

सरकार परिवर्तन हुँदैमा आन्दोलनको उद्देश्य समाप्त भएको ठान्नु गम्भीर भूल हुनेछ । आन्दोलन कुनै व्यक्ति वा दलविरुद्ध नभई अन्याय, दण्डहीनता, भ्रष्टाचार, अपारदर्शिता र नागरिक अधिकारमाथिको हस्तक्षेपविरुद्ध थियो। एक वर्ष बितेको छ, तर प्रश्नहरू बाँकी छन् । शहीदहरू सम्झनामा छन्, तर न्याय अझै बाँकी छ।

**प्रश्न सोध्न छाड्ने छैनौं : जस्मिन ओझा**

हामी केवल पारदर्शिता र जबाफदेहिताको माग गर्दै शान्तिपूर्ण आन्दोलनमा सहभागी भएका थियौं। तर आज ठ्याक्कै एक वर्ष बितिसक्दा पनि आन्दोलनले उठाएका आधारभूत मागहरूमध्ये एउटा पनि पूर्ण रूपमा पूरा भएको छैन। उल्टै, आज पनि हामी कयौं अनुत्तरित प्रश्नहरूको भारी बोकेर, त्यसको जवाफ कुरेर बसिरहेका छौं।

एक वर्ष बित्यो, तर न त ती प्रश्नहरूको जवाफ आएको छ, न त पीडितले न्याय पाएका छन् । तर यति चाहिँ निश्चित छ जति नै पर्दाले छोप्न खोजेपनि, जति नै षड्यन्त्र गरे पनि, इतिहासको कठघरामा सत्य र न्यायको यो आवाज कहिल्यै मर्दैन । हामी प्रश्न सोध्न छोड्नेछैनौं, र जवाफ नपाउन्जेल हाम्रो यो संघर्ष निरन्तर चलिरहनेछ।

# बेपत्ताका परिवारबाट 'डीएनए' नमूना संकलन



स्याङ्जा। भोटेकोसीको बाढीपहिरोमा बेपत्ता स्याङ्जाका आठ जनाका परिवारबाट 'डीएनए' नमूना संकलन गरिएको छ। भदौ १० गते गएको बाढीपहिरो बेपत्ता भएका जिल्लाका आठै जना लामो समयदेखि सम्पर्कमा नआएपछि परिवारका सदस्यले 'डीएनए' परीक्षणका लागि रगतको नमूना दिएका हुन् ।

बाढीपहिरोमा भीरकोट नगरपालिका-५, स्वरेकस्थित पकानका ७३ वर्षीय कृष्णप्रसाद अर्याल र उनकी श्रीमती ६७ वर्षीय राधा अर्याल बेपत्ता भएका थिए । उनीहरु गोसाइँकुण्ड जाने क्रममा नुवाकोटको बट्टारबाट सम्पर्कविहीन भएको पारिवारिक श्रोतलाई उदृत गर्दै जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ।

भोटेकोसी-त्रिशुलीमा आएको बाढीपहिरोमा कालीगण्डकी गाउँपालिका-४ ताप्लेबेसीका गुरुदत्त पाण्डे, सोही वडाका नुवाकोटको मैलुङ हाइड्रोपावरमा कार्यरत ३० वर्षीय अमल्दार रोहन राना बेपत्ता भएका छन् । त्यस्तै वालिङ नगरपालिका-१४ घर भई इलाका प्रहरी कार्यालय टिमुरेमा कार्यरत प्रहरी सहायक निरीक्षक समबहादुर थापा, भीरकोट नगरपालिका-२ का नेपाली सेनाका ३१ वर्षीय गणेश कार्की, चापाकोट नगरपालिका-१० का दिनामनी पंगेनी र कालीगण्डकी गाउँपालिका-३ का ५२ वर्षीय तिलक राना सम्पर्कविहीन भएको थिए।

सम्पर्कविहीनमध्ये वालिङ नगरपालिकाका समबहादुर थापा र भीरकोट नगरपालिकाका गणेश कार्कीका परिवारबाट जिल्ला प्रहरी कार्यालय स्याङ्जामार्फत् 'डीएनए' परीक्षणका लागि रगतको नमूना संकलन गरिएको हो। यस्तै, अन्य छ जनाका परिवारबाट काठमाडौंस्थित प्रहरी अस्पतालमा नमुना संकलन गरिएको स्याङ्जाका प्रहरी नायब उपरीक्षक रमेशदत्त अवस्थीले जानकारी दिए।

'डीएनए' परीक्षणका लागि परिवारले नमूना दिइकामध्ये अर्याल दम्पतीको भने हिन्दूपरम्पराअनुसार कुशको शव बनाएर हिन्दु संस्कारअनुसार अन्त्येष्टि गरी काजकिरिया गरिएको छ । रसुवाको गोसाइँकुण्ड दर्शनका लागि जाने क्रममा भदौ १० गते उनीहरू सवार सवारीसाधन भोटेकोशीको बाढीमा परेको थियो । त्यसपछि दम्पती सम्पर्कविहीन भएका थिए । परिवार र आफन्तले घटनास्थलदेखि मृतकको शव राखिएको अस्पतालसम्म खोजी गरे पनि कुनै जानकारी नपाएपछि जीवित नरहेको निष्कर्ष निकाल्दै अन्तिम संस्कार गरिएको हो।

अर्याल दम्पतीका छोरा प्रकाश अर्याल नुवाकोटको बट्टारस्थित गरिमा विकास बैंकमा कार्यरत छन् । भदौ १० गते बिहान करिब ६ बजे काठमाडौंस्थित घरबाट गाडीमा निस्किएका कृष्ण र राधा बट्टार पुगेर छोरा प्रकाशसँग भेटेका थिए। प्रकाशले बिहान ८:४५ बजे उनीहरूलाई गोसाइँकुण्डतर्फ बिदाइ गरेका थिए । बिदाइ गरेको करिब आधा घण्टामै भोटेकोशीमा बाढी आएको र त्यसपछि आमाबुवासँग सम्पर्क हुन नसकेको परिवारले जनाएको छ।

बाढी आएलगत्तै उनीहरू सवार गाडीसमेत बेपत्ता भएको जानकारी प्रहरीलाई गराइएको थियो । मोबाइल ट्र्याक गर्दा उनीहरूको अन्तिम लोकेसन टुकुचे देखिए पनि गाडी र दम्पती दुवैको अवस्था पत्ता लाग्न सकेन। आठौं दिनसम्म पनि कुनै खबर नआएपछि हिन्दू परम्पराअनुसार पशुपति आर्यघाटमा कुशको सांकेतिक पार्थिव शरीर बनाएर दम्पतीको अन्त्येष्टि गरिएको भाइका छोरा युवराज अर्यालले बताए।

# स्वास्थ्यमा रामग्राम नगरपालिका प्रथम



परासी । स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ले जिल्लाका स्थानीय तहअन्तर्गत स्वास्थ्य संस्थाबाट सञ्चालित स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको मूल्यांकन गर्दा रामग्राम नगरपालिका प्रथम भएको छ।

स्वास्थ्य कार्यालयले आर्थिक वर्ष २०८२/०८३ मा नवलपरासीबाट प्रदान गरिएका स्वास्थ्य सेवाका कार्यक्रममध्ये रामग्राम नगरपालिकाअन्तर्गतका स्वास्थ्य संस्थाहरूले उत्कृष्ट कार्यसम्पादन गर्दै प्रथम स्थान हासिल गरेको हो ।

त्यस्तै सरावल गाउँपालिका ७७.८९ अंकसहित दोस्रो स्थानमा रहेको छ। सरावल गत वर्ष पहिलो स्थानमा थियो।

प्रतापपुर गाउँपालिका ७६.९७ अंकसहित तेस्रो स्थानमा यथावत् रहेको छ । बर्दघाट नगरपालिका ७४.४९ अंकसहित चौथो तथा सुस्ता गाउँपालिका ७४.४० अंकसहित पाँचौं स्थानमा रहेका छन्। यी दुवै स्थानीय तहले गत वर्षको स्थान कायम राखेका छन्।

त्यसैगरी सुनवल नगरपालिका ७२.६२ अंकसहित छैटौं स्थानमा पुगेको छ। गत वर्ष सातौं स्थानमा रहेको सुनवलले यस वर्ष एक स्थान सुधार गरेको हो । पाल्हीनन्दन गाउँपालिका ७१.३३ अंकसहित सातौं स्थानमा रहेको छ।

प्रस्तुत तथ्यांकअनुसार रामग्राम नगरपालिकाले समग्र मूल्याङ्कनमा सुधार गर्दै जिल्लामै उत्कृष्ट नतिजा ल्याएको देखिएको छ । गत वर्ष पहिलो रहेको सरावल यस वर्ष दोस्रो स्थानमा झरेको छ भने सुनवलले आफ्नो स्थान सुधार गरेको छ । स्वास्थ्य कार्यालयका अनुसार पालिकाका स्वास्थ्य संस्थाहरूबाट सम्पादित स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको मूल्यांकन तथा समीक्षा गरी उत्कृष्ट कार्यसम्पादन गर्ने पालिकालाई सम्मान गरिएको हो । उत्कृष्ट स्थान हासिल गरेकोमा रामग्राम नगरपालिकाका स्वास्थ्यकर्मी तथा सम्बन्धित कर्मचारीहरूलाई प्रमाणपत्र प्रदान गरिएको छ।

जिल्लामै स्वास्थ्य क्षेत्रको उत्कृष्ट कार्यसम्पादन गर्ने पालिकाको रूपमा रामग्राम नगरपालिका छनोट हुनु नगरवासीका लागि समेत गौरवको विषय बनेको रामग्राम नगरपालिका नगरप्रमुख धनपत यादवले बताए। जिल्ला समन्वय समितिका प्रमुख भगवतीप्रसाद यादव थता स्वास्थ्य कार्यालय प्रमुख अगदबहादुर शाहीले प्रमाणपत्र दोसल्लाह ओढाएर सम्मान गरेका थिए।

# सुपादेउराली मन्दिर परिसरमा सरसफाइ




अर्घाखाँची । अर्घाखाँचीको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुपादेउराली मन्दिर परिसरमा सुपादेउराली बजार व्यवस्थापन समितिले सरसफाइ गरेको छ।

धार्मिक तथा पर्यटकीय क्षेत्रमा सरसफाइ र स्वच्छ वातावरण कायम राख्ने उद्देश्यले अभियान सञ्चालन गरी सरसफाइ कार्यक्रम आयोजना गरिएको बजार व्यवस्थापन समितिका सचिव बाबुराम थापाले बताए । उनका अनुसार सबैको सहयोग र सद्भावले सुपादेउराली मन्दिर क्षेत्र धार्मिक तथा पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ। बजार व्यवस्थापन समितिका अध्यक्ष सरोज केसीले सहरी तथा धार्मिक-पर्यटकीय क्षेत्रको सौन्दर्यकरणका लागि सरसफाइ प्रमुख आयाम भएको बताए । उनले सरसफाइलाई थप प्रभावकारी बनाउन बजार व्यवस्थापन समिति, मन्दिर व्यवस्थापन समिति र स्थानीय बासिन्दालगायत सबैको सहयोग रहेको जनाए । सरसफाइका लागि भइरहेका प्रयासलाई सफल बनाउन जागरण अभियान सञ्चालन गर्न आवश्यक रहेको अध्यक्ष केसीले बताए।

हालै सम्पन्न अधिवेशनबाट अध्यक्षमा केसी र सचिवमा थापा निर्वाचित भएपछि जनमुखी सुधारका लागि अन्य संघसंस्थाको प्रयासमा रचनात्मक तथा सकारात्मक काम गर्दै आएको स्थानीयको भनाइ छ।

# नेपाल हङकङसँग पराजित



बुटवल। एसीसी प्रिमियर कप क्रिकेटअन्तर्गत नेपालले पहिलो हार ब्यहोरेको छ। खेलमा नेपाल हङकङसँग १५ रनले पराजित भएको हो।

पराजित भए पनि नेपालले यसअघि नै सेमिफाइनलमा स्थान बनाइसकेको छ । हारपछि पनि नेपाल समूह विजेता बनेको छ। समान ६-६ अंक भए पनि नेपाल रनरेटका आधारमा समूह विजेता बनेको हो। हङकङले दिएको २६२ रनको लक्ष्य पछ्याएको नेपाल ४९.१ ओभरमा २४६ रन बनाउँदै अलआउट भयो। इशान पाण्डेले ९० रनको शानदार पारी खेले पनि नेपालको हार टरेन। यस्तै, आशिफ शेखले ४४, दीपेन्द्र सिंह ऐरीले २५, करण केसीले २१ गुलशन झाले २० रन जोडे।

बलिङतर्फ हङकङका अइजज खानले चार, यसिम मुर्ताजाले दुई तथा किन्चित देवांग सिंह, नुसरुल्ला राणा र अतिकुल इकबालले एक-एक विकेट लिए । त्यसअघि क्वालालाम्पुरस्थित बायुमास ओभल मैदानमा टस जितेर ब्याटिङ थालेको हङकङले ५० ओभरमा ७ विकेट गुमाउँदै २६१ रन जोड्यो।

उसका लागि बाबर हयातले शतकीय इनिङ्स खेले । उनी ११७ रनमा अविजित रहे । यस्तै, शाहिद वसिफले ४५, जिशन अलीले १५ रन जोड्दा एहसान खान ३५ रनमा नटआउट रहे । बलिङतर्फ नेपालका सन्दीप लामिछानेले चार तथा यस्तै, शेर मल्लले तीन विकेट लिए । नेपालले यसअघि पहिलो खेलमा बहराइनविरुद्ध ७ विकेट, आयोजक मलेसियाविरुद्ध ६ विकेट तथा साउदी अरेबियाविरुद्ध ५ विकेटको जित निकालेको थियो।










सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com